# स्थानीय राजपत्र

रावा बेसी गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ५ | संख्या ३ | मितिः २०७८/०३/२७ |
|---|---|---|

**भाग २**

**रावा बेसी गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रावा बेसी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ ।

## प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि,२०७८

रेखु बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

**प्रस्तावना:**

गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित योजनाहरुको योजनास्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न बान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन एन,२०७४ को दफा १०२को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी रावा बेसी गाउँकार्यपालिकाले यो प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि,२०७८ जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस कार्यविधीको नाम "प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि,२०७८" रहेको छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "अनुगमन समिति" भन्नाले गाउँ कार्यपालिकाले गठन गरेको अनुगमन समिति सम्झनु पर्दछ ।

(ख) "योजना" भन्नाले गाउँपालिका भित्र सञ्चालित योजनाहरु बुझ्नुपर्नेछ ।

(ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले उपभोक्ता समिति भन्ने सम्झनु पर्दछ ।

(ङ) "प्राविधिक कर्मचारी" भन्नाले योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी सम्झनुपर्दछ ।

(च) "अधिकृतस्तर" भन्नाले राजपत्राङ्कित दितीय र तृतीय श्रेणी तथा सहायकस्तर भन्नाले राजपत्र अनंकित कर्मचारी बुझ्नुपर्नेछ ।

**३.फील्डमा जानुपर्नेः** यस कार्यविधि बमोजिम योजनाको लगत ईस्टिमेट तयार गर्न,रनिङबिल तयार गर्न,अनुगमन गर्न,कार्यसम्पादन स्तर जाँच गर्न वा नापि किताव तयार पार्न वा कार्यसम्पन्न प्रतिवेदन तयार गर्न वा योजना सम्पन्न भै सकेपश्चात जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई हेर्नुपर्ने भएमा ।

**४.प्रतिवेदन पास गर्नुपर्नेः** (१) दफा (३) मा उल्लेखित मध्ये जुन योजनाका लागि काममा खटीई गएको हो सो कामको नियमानुसारको प्रतिवेदन महिनाको अन्तिममा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

**५.फील्ड सुविधाः प्राविधिक कर्मचारीलाइ निम्नानुसारको मासिक फिल्ड भत्ता उपलब्ध गराइनेछ**

| सि.नं. | दर्जा | रकम रु. |
|---|---|---|
| १. | इन्जिनियर | ९०००/- |
| २. | सब-इन्जिनियर | ७०००/- |
| ३. | असिस्टेन सब -इन्जिनियर | ६०००/- |

१. यसरी उपलब्ध गराइने फिल्ड भत्ताको रकमको सम्पुर्ण श्रोतका रुपमा रावा बेसी गाउँपालिकाको गाउँसभाबाट पारित भएका योजनाहरुको राजस्व बाँडफाड र कन्टिन्जेन्सि वापतको शिर्षकबाट मात्र भुक्तान गरिनेछ ।

२. सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता,बैठक भत्ता,तालीम भत्ता ,स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन ।

**६. असल नियतले गरेका काम बचाउः** यस कार्यविधि बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्बन्धमा प्राविधिक कर्मचारी,जनप्रतिनिधि वा अनुगमन टोलीका संयोजक तथा सदस्यहरु उपर कुनै कारबाही हुने छैन ।

रेख बहादुर
प्रमुख प्रशासकिय अधिकृत

**७. प्रचलित कानुन बमोजिम हुने:** (क) यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित काना बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्याएको मानिने छैन ।

**८. बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा अनुगमन समितिको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न गाउँ कार्यपालिकामा पठाईने छैन ।

**९.संशोधन:** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाको हुनेछ ।

**१०. अधिकार प्रत्यायोजन:** गाउँकार्यपालिकाले यस कार्यविधिको सम्पूर्ण दफा वा कुनै निश्चित दफाको कार्यान्वयनको अधिकार राजपत्राङ्कित तृतीइ श्रेणीको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

रावा वेसी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरमटार कुभिण्डे, खोटाङ
१ न. प्रदेश नेपाल

अनुसूची-३

दफा -६ को उपदफा -१ संग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

रावा वेसी गाउँकार्यपालिकाको कार्यालय हरमटार कुभिण्डे,खोटाङ

विषयः मासिक फिल्ड भ्रमण फाँटवारी ।

मिति २०७ साल ............महिनामा यस गाउँपालिका अन्तर्गतका निम्न वडाका योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरीएको ब्यहोरा अनुरोध छ ।

| सि. न. | फील्ड भ्रमण गरिएको वडा नं. र ठाउँ | योजनाको नाम | मिति | उदेश्य | प्रतिवेदन पेश गरे/नगरेको |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

पेश गर्ने

नाम थर

दर्जा

हस्ताक्षर

सिफरिस गर्ने

नाम थर

दर्जा

हस्ताक्षर

यस फाँटवारी उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदन /फिल्ड आदेशसंग भिडाई पेश गरेको छु ।अन्यथा ठहरे सहुँला/बुझाउँला ।

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-४

दफा -६ को उपदफा -१ संग सम्बन्धित

फिल्ड भ्रमण फाँट नं. ७

रावा वेसी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हरमटार कुभिण्डे खोटाङ १ प्र. प्रदेश नेपाल

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रावा वेसी गाउँकार्यपालिकाको कार्यालय हरमटार कुभिण्डे,खोटाङ

विषयः योजनागत फिल्ड भ्रमण फाँटवारी ।

यस वगाउपालिका अन्तरगतका निम्न योजनामा निम्न मितिमा फिल्ड भ्रमण गरी प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | योजनाको लई तयार गर्न तोक भएको मिति | लई तयार वगरी स्विकृत भएको मिति | अनुगमन/रनिङबिल उदेश्यले फिल्ड भ्रमण भएको मिति | अनुगमन /रनिङबिल प्रतिवेदन स्वीकृत भएको मिति | कार्यसम्पन्न उदेश्यले फिल्ड भ्रमण भएको मिति | कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भएको मिति |
|---|---|---|---|---|---|---|
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |

पेश गर्ने

नाम थर

दर्जा

हस्ताक्षर

सिफरिस गर्ने

नाम थर

दर्जा

हस्ताक्षर

यस फाँटवारी उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदन /फिल्ड आदेशसंग भिडाई पेश गरेको छु ।अन्यथा ठहरे सहुँला/बुझाउँला ।

प्रमाणिकरण मिति-२०७८/०३/२७

आज्ञाले,
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत